नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना व्यवस्थापन एकाइ खुमलटार, ललितपुर

# करार सेवामा कृषि तथा पशु विकास अधिकृतहरुको पदपूर्ति सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति: २०८१/०९/१९**

लोक सेवा आयोगको केन्द्रीय कार्यालय र प्रदेश लोकसेवा आयोगहरुले आ.व २०८०/८१ र आ.व २०८१/८२ मा नेपाल कृषि सेवाका (कृषि र पशुपन्छी विकास क्षेत्रतर्फ) राजपत्रांकित तृतीय श्रेणीका अधिकृत वा सो सरहका पदमा स्थायी पदपूर्तिका लागि लिएका परीक्षाहरुबाट सिफारिस गर्ने क्रममा वैकल्पिक तथा अस्थायी योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुले यस परियोजना अन्तर्गत करार सेवामा काम गर्न इच्छुक भएमा यसै सूचना प्रकाशन भएको मितिले २१ (एकाइस) दिन भित्र परियोजना व्यवस्थापन एकाइ खुमलटार, ललितपुरमा निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ । सेवा, सुविधा तथा अन्य जानकारी परियोजनाको वेवसाइट **www.pmamp.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

**परियोजना निर्देशक**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना व्यवस्थापन एकाइ, खुमलटार, ललितपुर

## सेवा, सुविधा तथा कार्यक्षेत्र

१.सेवा सुविधाः तलव सुविधा नेपाल सरकारले तोकेबमोजिम हुनेछ र विदा लगायत अन्य सुविधाहरु सम्झौता अनुसार हुनेछ।

२.कार्यक्षेत्रः परियोजना व्यवस्थापन एकाइले रिक्त रहेका परियोजना कार्यान्वयन एकाइहरुको आधारमा कार्यक्षेत्र तोक्नेछ।

३.सेवा अवधिः स्वीकृत स्थायी/करार दरबन्दीमा नेपाल सरकारको स्थायी कर्मचारी पदस्थापन वा सरुवा भई नआएमा २०८२ असार मसान्तसम्म सेवा अवधि हुने र कर्मचारीको कार्यसम्पादन सन्तोषजनक भएमा आवश्यकता बमोजिम स्वीकृत बजेटको परिधिभित्र रही करार अवधि थप गर्दै लगिनेछ।

४.उम्मेदवारहरु सम्पर्कमा आउदा लोकसेवा आयोग केन्द्रीय कार्यालय/प्रदेश लोकसेवा आयोगहरुको आ.व ०८०/०८१ र आ.व २०८१/८२ को वैकल्पिक तथा अस्थायी योग्यताक्रम र प्रवेशपत्रको छायाँप्रति समेत संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ।

५.निवेदक उम्मेदवारहरुको कुनै शर्त सहितको सम्झौता स्वीकार गरिनेछैन र कुनै निवेदक उम्मेदवारहरुलाई सम्झौता गर्ने नगर्ने अधिकार परियोजनाले निर्णय गर्नेछ।

थप जानकारीको लागि
फोन.नं ०१५४२०३४६/५४४६९०६
Email id: pmamp.pmu@gmail.com

वैकुण्ठ अधिकारी
परियोजना निर्देशक